सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल

आदेश

०६९–WH–००३१

विषयः बन्दीप्रत्यक्षीकरण ।

उदयपुर जिल्ला, पञ्चावती गा.वि.स.वडा नं.३ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाडौँ अन्तर्गत भद्रबन्दीगृहमा थुनामा रहेको सूर्यबहादुर के.सी.-------------------------------------------------------------------१ निवेदक

विरुद्ध

पुनरावेदन अदालत पाटन-----------------------------------------------------१

ललितपुर जिल्ला अदालत----------------------------------------------------------१

ललितपुर जिल्ला अदालत, तहसिल शाखा---------------------------------------१

काठमाडौँ जिल्ला अदालत-------------------------------------------------१

काठमाडौँ जिल्ला अदालत, तहसिल शाखा-----------------------------------१

कारागार कार्यालय, जगन्नाथ देवल-------------------------------------------१ विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २३ एवं धारा १०७(२) बमोजिम रिट निवेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र आदेश यस प्रकारको छः-

म रिट निवेदकलाई लागू औषध कानून कार्यान्वयन इकाई नयाँ बानेश्वरले मिति २०६४।२।२४ गते पक्राउ गरी प्र.ना.नि. होमविक्रम कार्कीसमेतको प्रतिवेदनले नेपाल सरकार वादी र म निवेदकसमेत प्रतावदी भएको स.फौ.नं.१३३७ को लागू औषाध (हेरोइन) मुद्दा चलाएकोमा काठमाडौँ जिल्ला अदालतबाट मिति २०६५।३।३० गते फैसला हुँदा २ वर्ष ६ महिना कैद र रु.१,००,०००।- जरिवाना हुने ठहरी फैसला भयो । यसैगरी प्र.ना.नि. हेमविक्रम कार्कीसमेतको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी म निवेदकसमेत भएको स.फौ.नं.१४७९ को लागू औषाध (डाइजेपाम् र ब्रुपिनर्फीन नर्फिन) मुद्दा काठमाडौँ जिल्ला अदालतमा दायर गरियो । उक्त मुद्दामा काठमाडौँ जिल्ला अदालतबाट मिति २०६५।११।२१ गते ३ वर्ष ६ महिना कैद र रु.२,५०,०००।- जरिवाना गरी फैसला भयो । यसैगरी प्र.ना.नि. श्रीकृष्ण मानन्धरसमेतको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी म निवेदकसमेत भएको स.फौ.नं.१४९९ को लागू औषध (डाइजेपाम् र ब्रुपिनर्फीन) मुद्दामा काठमाडौँ जिल्ला अदालतबाट म निवेदकलाई ३ वर्ष ६ महिना कैद र रु.१,२५,०००।- जरिवाना हुने ठहरी मिति २०६५।१२।३ मा फैसला भयो । यसैगरी प्र.ना.नि. बाबुकाजी गिरीसमेतको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी म निवेदकसमेत भएके स.फौ.नं.१५०० को लागू औषाध (डाइजेपाम् र ब्रुपिनर्फीन) मुद्दामा काठमाडौँ जिल्ला अदालतबाट मिति २०६५।१२।३ मा फैसला हुँदा ३ वर्ष ६ महिना कैद र रु.१,२५,०००।- जरिवाना हुने गरी फैसला भयो । यसैगरी प्र.ना.नि. बाबुकाजी गरी समेतको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी म निवेदकसमेत भएको स.फौ.नं.१०१ को लागू औषध (डाइजेपाम्) मुद्दामा ललितपुर जिल्ला अदालतबाट मिति २०६६।३।२१ गते ४ वर्ष ६ मिहना कैद र रु.२,५०,०००।- जरिवाना हुने ठहरी फैसला भयो । उपरोक्त उल्लिखित सबै मुद्दाहरुमा भएको फैसलाउपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेकोमा सुरु फैसला सदर हुने ठहरी मिति २०६७।३।८ मा फैसला भयो । ती सबै मुद्दामा भएको फैसलाउपर म निवेदकले सम्मानीत सर्वोच्च अदालतमा मुद्दा

दोहोऱ्याइ पाऊँ भनी निवेदन गरेकोमा निस्सा प्रदान नभएकोले ती मुद्दाहरु अन्तिम भएर बसेको अवस्था छ ।

माथि उल्लेख भएबमोजिम स.फौ.नं.१३३७ को लागू औषध मुद्दामा काठमाडौँ जिल्ला अदालतको तहसिल शाखाबाट मिति २०६५।८।१८ गते कैदी पूर्जि दिइयो । उक्त पूर्जिमा मिति २०६४।२।२४ गतेदेखि प्रहरी हिरासतमा रहेको देखिदा सोही मितिबाट २ वर्ष ६ महिना अर्थात् २०६६।८।२३ गतेसम्म थुनामा राखी जरिवाना रु.१,००,०००।- दाखिला गरे मिति २०६६।८।२४ गते थुनाबाट छाडिदिनु र जरिवाना दाखिला नगरे मिति २०७०।८।२३ गतेसम्म थुनामा राखी मिति २०७०।८।२४ गते थुनाबाट छाडिदिनु भन्ने उल्लेख गरियो । त्यस्तै स.फौ.नं.१४७९ को लागू औषध मुद्दामा मिति २०६६।३।२५ गते केदी पूर्जि दिइयो । उक्त पूर्जिमा मिति २०६४।९।३० गतेदेखि प्रहरी हिरासतमा रहेको देखिदा सोही मितिबाट ३ वर्ष ६ महिना अर्थात् मिति २०६८।३।२९ गतेसम्म थुनामा राखी जरिवाना रु.२,५०,०००।- दाखिला गरे मिति २०६८।३।३० गतेबाट थुनाबाट छाडिदिनु दाखिला नगरे मिति २०७२।३।२९ गतेसम्म थुनामा राखी मिति २०७२।३।३० गते थुनाबाट छाडिदिनु भन्ने उल्लेख गरियो । त्यस्तै स.फौ.नं.१४९९ र १५०० को लागू औषध मुद्दामा मिति २०६७।२।१० गते कैदी पूर्जि दिइयो । उक्त पूर्जिमा २ थान मुद्दामा गरी ७ वर्ष कैद हुनेमा दण्ड सजायको ४१ नं. बमोजिम ठूलो हदको कैद वापत ३ वर्ष ६ महिना मात्र हुने हुँदा मिति २०६४।२।२४ गतेदेखि मिति २०६७।८।२३ गतेसम्म थुनामा राखी जरिवाना रु.२,५०,०००।- दाखिला गरे मिति २०६७।८।२४ गते थुनाबाट छाडिदिनु र जरिवाना दाखिला नगरे मिति २०७१।८।२३ गतेसम्म थुनामा राखी २०७१।८।२४ गते थुनाबाट छाडिदिनु भन्ने उल्लेख गरियो । त्यसैगरी स.फौ.नं.१०१ को लागू औषध मुद्दामा ललितपुर जिल्ला अदालतबाट मिति २०६६।७।१३ गते दिइएको कैदी पूर्जिमा मिति २०६५।९।१ गतेदेखि प्रहरी हिरासतमा रहेको देखिदा सोही मितिबाट ४ वर्ष ६ महिना कैद अर्थात् मिति २०७०।२।३० गतेसम्म थुनामा राखी जरिवाना रु.२,५०,०००।- दाखिला गरे

मिति २०७०।३।१ गते थुनाबाट छाडिदिनु र दाखिला नगरे मिति २०७४।२।३० गतेसम्म थुनामा राखी मिति २०७४।३।१ गते थुनाबाट छाडिदिनु भन्ने कैदी पूर्जि दिइयो ।

म निवेदक स.फौ.नं.१३३७ को लागू औषध मुद्दामा मिति २०६४।२।२४ गते पक्राउ परी हालसम्म थुनामा रहेको छु । सो पछिका चलाइएका अन्य मुद्दाहरुमा अन्य प्रतिवादीले गरेको पोलको आधारमा म उपर मुद्दा चलाइएको हुन् । यसरी मलाई पक्राउ गरी थुनामा राखेपछि अन्य प्रतिवादीहरुले गरेको पेलका आधार चलाइएको अन्य मुद्दाहरुमा पक्राउ मिति अलग-अलग कायम गरी सोही बमोजिम कैदी पूर्जि दिइयो । थुनामा रहेको अवस्थामा चलाइएका अन्य मुद्दाहरुमा थुनामा परेको मिति २०६४।२।२४ बाट कायम हुने गरी दण्ड सजायको ४१ नं. बमोजिम सबैभन्दा ठूलो कैद हद गरी कैदी पूर्जि दिनुपर्नेमा सो को अनदेखा गरिएको अवस्था छ ।

उपरोक्त मुद्दाहरुमध्ये ललितपुर जिल्ला अदालतबाट भएको कैद र जरिवानाको सजाय ठूलो भएकोले सोही अदालतको तहसिल शाखाका तहसिलदारसमक्ष द.स.को ४१ नं. बमोजिम कैद हद गरी पाऊँ भनी मिति २०६८।८।१६ मा निवेदन गरेकोमा वारदात मिति र फैसला मिति अलग-अलग भएकोले कैद हद गर्न नमिल्ने भनी मिति २०६८।८।२५ गते आदेश भएकोले सो आदेशउपर द.स.६१ नं. बमोजिम निवेदन गरेकोमा तहसिलदारबाट भएको आदेश मिलेकै देखिदा सदर हने भनी आदेश भयो । उक्त आदेशउपर पुनरावेदन अदालत पाटनमा अ.वं.१७ नं.बमोजिम निवेदन दिएकोमा ललितपुर जिल्ला अदालतबाट भएको आदेश मिलेकै देखिदा कानूनबमोजिम गर्नु भनी आदेश भयो । तत्पश्चात् ललितपुर जिल्ला अदालतबाट भएको स.फौ.नं.१०१ लागू औषध मुद्दाको फैसलाको तपसिल खण्डमा उल्लेख भएको व्यहोरामा थुनामा परेको मितिमा २०६४।२।२४ लेखिनुपर्नेमा मिति २०६५।९।१ गते उल्लेख भएकोले सो मिति संशोधन गरी पाऊँ भनी निवेदन दिएकोमा सो मिति पनि संशोधन नहुने भनी आदेश भयो ।

म निवेदक र चन्द्रबहादुर मिजारसमेत प्रतिवादी भएको स.फौ.नं.१४९९ र १५०० को लागू औषध मुद्दा र स.फौ.नं.१०१ को लागू औषध मुद्दामा चन्द्रबहादुर मिजारको

हकमा ललितपुर जिल्ला अदालतबाट कैद हद गरी कैद पूर्जि दिइयो भने म निवेदकको हकमा मात्र कैद हद नहुने भन्ने आदेश भयो । चन्द्रबहादुर मिजारको कैद हद भएको मिति २०६७।४।२६ गतेको कैदी पूर्जिको छायाँप्रति यसैसाथ पेश गरेको छु । तर मेरो हकमा भने कैद हद नगरी संविधानले प्रदान गरेको समानताको हकविपरीत भई विभेद गरी मलाई अन्याय गरिएको छ ।

म निवेदक कारागार कार्यालय काठमाडौँमा थुनामा रहेको अवस्थामा नै अन्य व्यक्तिहरुले गरेको पोलको आधारमा अन्य विभिन्न मुद्दा चलाइएको हो । तसर्थ म उपर चलेका विभिन्न मुद्दाहरुमध्ये ललितपुर जिल्ला अदालतबाट स.फौ.नं.१०१ को लागू औषध मुद्दामा सबैभन्दा बढी कैद ४ वर्ष ६ महिना सजाय भएकोले र म मिति २०६४।२।२४ बाट थुनामा रहेको हुँदा सोही मितिबाट लागू हुने गरी द.स.को ४१ नं. अनुसार ठूलो कैदको हद कायम गर्नुपर्नेमा सो बमोजिम नगरी हद कायम नगरेको कारण जरिवानाको रकम भुक्तान गर्न पाएको छैन । दण्ड सजायको ४१ नं.बमोजिम सबैभन्दा ठूलो कैदको हद गरेमा लागेको जरिवाना बुझाउन मन्जुर छ ।

यस्तै प्रकृतिको कैद हद नभएको विषयमा यस अदालतमा चलेको रिट नं.०६९-WH-००११ को सुरेन्द्र पौडेल को हकमा टिकाराम पौडेल विरुद्ध काठमाडौँ जिल्ला अदालत समेत भएको बन्दीप्रत्यक्षीकरणको मुद्दामा कैद हद कायम हुने भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरी यस अदालतबाट मिति २०६९।७।१३ गते फैसला भएको छ ।

म निवेदक प्रतिवादी भएको स.फौ.नं.१३३७ को लागू औषध मुद्दामा म मिति २०६४।२।२४ गते पक्राउ परी सो मितिदेखि निरन्तर थुनामा रहेको र म थुनामा रहेको अवधिमा अन्य प्रतिवादीले पोल गरेको कारण म उपर विभिन्न लागू औषध मुद्दा चली कैद र जरिवानाको सजाय हुने गरी फैसला भए पनि द.स.को १० नं. र ४१ नं. अनुसार ठूलो कैदमा सानो कैद गाभिन गई कैद हद हुन जाने अर्थात् ठूलो कैदको सजायमात्र भुक्तान गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेकोले सबैभन्दा ठूलो सजाय भएको ललितपुर जिल्ला अदालतबाट फैसला भएको लागू औषध मुद्दामा ४ वर्ष ६ महिना कैद भएकोले

सो बमोजिमको कैद म पक्राउ परेको मिति २०६४।२।२४ गतेबाट लागू हुने गरी गणना गर्दा मिति २०६८।८।२३ गते कैद भुक्तान भइसकेको र सो पछिको आजको दिनसम्म बसेको थुना गैरकानूनी रहेको हुनाले सम्मानीत अदालतमा यो निवेदन दिएको छु । मलाई उपरोक्त फैसलाबमोजिम लागेको जरिवानाको रकम बुझाउन तयार छु । तसर्थ मलाई विभिन्न मुद्दामा लागेको कैदको सजायमा कानूनबमोजिम ठूलो कैदको सजायमा अन्य कैद गाभिन जाने हुँदा सो अनुसार ४ वर्ष ६ महिनाको कैद मिति २०६८।८।२३ मा भुक्तान भइसकेको मिति २०६८।८।२४ देखि आजका मितिसम्मको थुनामा रहेको अवधिलाई मलाई लागेको जरिवानाको रकम कटाई बाँकी जरिवानाको रकम दाखिल गर्न मन्जुर रहेकोले गरे हाल थुनामा रहेको कारागार कार्यालयबाट निवेदकलाई थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाऊँ भन्ने निवेदन जिकीर ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक ३ दिनभित्र सम्बन्धित कागजसाथै राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई रिट निवेदनको एकप्रति नक्कलसाथै राखी सूचना पठाई त्यसको वोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु ।

साथै निवेदक प्रतिवादी सूर्यबहादुर के.सी.र वादी नेपाल सरकार भएको लागू औषध मुद्दामा निवेदक प्रतिवादीले दिएको निवेदनमा ललितपुर जिल्ला अदालतबाट मिति २०६८।९।२२ मा भएको आदेशसहितको मिसिलसमेत ललितपुर जिल्ला अदालतबाट झिकाई आएपछि निमयानुसार गरी पेश गर्नु भन्ने यस अदालतबाट भएको मिति २०६९।७।२१।३ को आदेश ।

निवेदकलाई काठमाडौँ जिल्ला अदालत र ललितपुर जिल्ला अदालतबाट दिइएको विभिन्न कैदी पूर्जिअनुसार निज यस कार्यालयमा थुनामा रहेका छन । यस कार्यालयमा अधिकारप्राप्त निकाय वा अधिकारीबाट थुनामा राख्ने पत्रप्राप्त भएकोले सो बमोजिम

निवेदकलाई थुनामा राखिएको हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने विपक्षी कारागार कार्यालय जगन्नाथ देवलको लिखित जवाफ ।

यी निवेदकसमेत प्रतिवादी भएको स.फौ.नं.१४७९ को लागू औषध मुद्दामा मिति २०६५।११।२१ को फैसलाअनुसार प्रतिवादीलाई ३ वर्ष ६ महिना कैद र रु.२,५०,०००।- जरिवाना भएकोमा मिति २०६६।३।२५ मा कैदी पूर्जि जारी भएको, त्यस्तै स.फौ.नं.१४९९ को लागू औषध मुद्दामा मिति २०६५।१।२।३ को फैसलाबमोजिम प्रतिवादीलाई लागेको ३ वर्ष ६ महिना कैद र रु.१,२५,०००।- जरिवाना भएको तथा स.फौ.नं.१५०० को लागू औषध मुद्दामा पनि मिति २०६५।१२।३ मा फैसला हुँदा ३ वर्ष ६ महिना कैद र रु.१,२५,०००।- जरिवाना भएकोमा मिति २०६७।२।१० मा कैदी पूर्जि जारी भएको, त्यस्तै स.फौ.नं.१३३७ को लागू औषध मुद्दामा मिति २०६५।३।३० को फैसलाले यी प्रतिवादीलाई २ वर्ष ६ महिना कैद र रु.१,००,०००।- जरिवाना भएबमोजिम मिति २०६५।८।१८ मा कैदी पूर्जि जारी भएको देखिन्छ ।

यसरी निवेदकलाई उपरोक्त फैसलाले लागेको कैद र जरिवाना वापत कैदी पूर्जि जारी भई निवेदक थुनामा रहेकोमा कैदमा बस्नुपर्ने अवधि बाँकी नै रहेको तथा माथि उल्लिखित कुनै पनि मुद्दाको जरिवाना निवेदकले दाखिल नगरेको अवस्था हुँदा निवेदकको कुनै हकमा आघात पुगेको अवस्था नहुँदा रिट जारी हुने अवस्था छैन खारेज गरी पाऊँ भन्ने विपक्षी काठमाडौँ जिल्ला अदालतको लिखित जवाफ ।

निवेदकको निवेदन जिकीरको सम्बन्धमा अन्य सम्बद्ध निकायबाट पेश हुने लिखित जवाफबाट अवगत हुने नै छ । ललितपुर जिल्ला अदालतबाट भएको आदेश बेरितको हुँदा बदर गरी पाऊँ भनी लागू औषध डाइजेपाम्समेतको मुद्दामा निवेदक सूर्यबहादुर के.सी.ले यस कार्यालयमा अ.वं.१७ नं.बमोजिम दिइएको निवेदनमा प्रतिवेदन माग गरी यसमा ललितपुर जिल्ला अदालतको मिति २०६६।३।२१ को फैसलाबमोजिम ठरहेको कैद जरिवाना असूल गर्न भनी मिति २०६६।७।१३ मा कैद ठेक्न पठाएको पत्रसमेतबाट तहसिलदारको आदेश मिलेकै देखिदा कानूनबमोजिम गर्नु भनी भएको

आदेशमा कुनै परिवर्तन गर्नु परेन कानूनबमोजिम गर्नु भनी यस अदालतबाट मिति २०६८।१२।३ मा आदेश भएको देखिएको र उक्त आदेश कानूनसम्मत हुँदा रिट जारी हुनुपर्ने अवस्था नहुँदा खारेज गरी पाऊँ भन्ने विपक्षी पुनरावेदन अदालत पाटनको लिखित जवाफ ।

यस अदालतमा चलेको प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी यिनै निवेदक विपक्षी सूर्यबहादुर के.सी.भएको लागू औषध (डाइजेपाम्) मुद्दा यस अदालतबाट मिति २०६६।३।२१ मा निवेदक प्रतिवादीलाई ४ वर्ष ६ महिना कैद र रु.२,५०,०००।- जरिवाना हुने गरी फैसला भएको हुँदा यस अदालतको तहसिल शाखामा रहेको ल.नं.१३८६ बाट निजलाई लागेको कैद ठेकी जरिवाना बुझाए मिति २०७०।२।३० सम्म थुनामा राख्नु र जरिवाना नबुझाए मिति २०७४।२।३० सम्म थुनामा राखी अन्य मुद्दामा थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट थुनुवामुक्त गरिदिनु भन्ने समेत व्यहाराको यस अदालतको तहसिल शाखाबाट मिति २०६६।७।१३ मा कैद ठेकी पत्र पठाइएको थियो । यसैबिच यिनै विपक्षीउपर काठमाडौँ जिल्ला अदालतमा चलेको अन्य ४ थान मुद्दाहरु र यस अदालतमा चलेको १ थान मुद्दामा फैसला हुँदा भएको कैद हद गरी पाऊँ भनी मिति २०६८।८।२१ मा निवेदकले दिएको निवेदनमा यस अदालतबाट मिति २०६८।८।२५ मा वारदात र फैसला मिति अलग-अलग भएकोले निवेदकको निवेदन मागबमोजिम कैद हद गर्न मिलेन । कानूनबमोजिम गर्नु भन्ने समेत व्यहोराको आदेश भएको से आदेशउपर दण्ड सजायको ६१ नं.तथा अ.वं.१७ नं.बमोजिम निवेदन परेकोमा उक्त आदेश सदर हुने गरी आदेश भएको र सो आदेश कानूनसम्मत हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने विपक्षी ललितपुर जिल्ला अदालतको तर्फबाट पेश भएको लिखित जवाफ ।

यसमा रिट निवेदक सूर्यबहादुर के.सी.समेत प्रतिवादी भइचलेको २०६४ सालको स.फौ.नं.१४७९, १३३७, १४९९ र १५०० का लागू औषध मुद्दाहरुमा काठमाडौँ जिल्ला अदालतबाट भएका फैसलासहितका मिसिलहरु झिकाई आएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६९।९।१६ को आदेश ।

नियमबमोजिम पेशी सूचीमा चढी यस इजलाससमक्षा पेश भएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्बान् अधिवक्ताहरु योगेन्द्रबहादुर अधिकारी र हरिबहादुर कार्कीले निवेदकउपर काठमाडौँ जिल्ला अदालतमा चलेका ४ वटा लागू औषध मुद्दामा र ललितपुर जिल्ला अदालतमा चलेको एउटा लागू औषध मुद्दा गरी ५ वटा मुद्दामा अलग-अलग कैद र जरिवानाको सजाय भएको अवस्था छ । सो मुद्दाको अनुसन्धानको क्रममा निवेदक मिति २०६४।२।२४ मा पक्रउ परी सो मितिदेखि हालसम्म अनुसन्धान, पूर्पक्ष एवं फैसलाअनुसार थुनामा छन । निज थुनामा रहेपछि अन्य मुद्दामा सह-अभियुक्तले पोल गरेको आधारमा निजउपर अन्य मुद्दाहरु चलाई कारवाही गरी सजाय भएको छ । ती ५ वटा मुद्दामध्ये ललितपुर जिल्ला अदालतमा चलेको स.फौ.नं.१०१ को मुद्दा मिति २०६६।३।२१ मा फैसला हुँदा यी निवेदक प्रतिवादीलाइ सबैभन्दा ठूलो कैद ४ वर्ष ६ महिना र रु.२,५०,०००।- जरिवाना हुने ठहरी फैसला भएको छ । तर काठमाडौँ जिल्ला अदालत तथा ललितपुर जिल्ला अदालतबाट प्रतिवादीलाई अलग-अलग मुद्दामा भएका फैसलाअनुसार अलग-अलग कैद म्याद ठेकी कैदी पूर्जि दिइएको छ । यसरी कैद ठेकी पठाउँदा मिति २०७०।२।३० सम्मको कैद म्याद ठेकी पठाइएको छ ।

दण्ड सजायको १० नं., ४१ नं. बमोजिम एउटै व्यक्तिलाई धैरै मुद्दामा कैद सजाय गर्ने गरी फैसला भएकोमा सबैभन्दा ठूलो कलमको कैद म्याद ठेक्नुपर्नेमा सो बमोजिम नगरेकोले कैद हद कायम गरी पाऊँ भनी ललितपुर जिल्ला अदालतमा यी निवेदकले निवेदन दिएकोमा अलग-अलग वारदातको कसूरमा अलग-अलग मितिमा फैसला भएकोले कैद हद गर्न नमिल्ने भनी आदेश भएको र सो उपर निवेदन पर्दा समेत कानूनबमोजिम गर्नु भनी आदेश भएको छ । निवेदकलाई भएका कैद सजायमध्ये ललितपुर जिल्ला अदालतबाट भएको सबैभन्दा ठूलो कलमको ४ वर्ष ६ महिना कैदको सजायमा निज सुरुमा पक्राउ परी थुनामा परेको मिति २०६२।२।२४ देखि कैद गणना गर्दा मिति २०६८।८।२३ मा नै कैद भुक्तान हुने हुँदा सो पछिको थुना गैरकानूनी भएको

छ । त्यसकारण दण्ड सजायको ४१ नं. बमोजिम ठूलो कलमको कैद हद गर्दा मिति २०६८।८।२३ मा निजलाई लागेको कैद भुक्तान हुने हुनाले सो पश्चात्को थुना अवधिलाई निजलाई लागेको जरिवाना वापत कट्टा गरी बाँकी जरिवाना बुझाउन तयार भएकोले बन्दीप्रत्यक्षीकरणको जारी गरी आदेश सो गैरकानूनी थुनाबाट मुक्त गरी पाऊँ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

विपक्षीको तर्फबाट उपस्थित हुनुभएका विद्‌बान् उप-न्यायाधिवक्ता सूर्यनाथ प्रकाश अधिकारीले निवेदकलाई अलग-अलग वारदातको कसूरमा अलग-अलग अभियोग दावी लिई मुद्दा दायर गरिएकोमा अलग-अलग मितिमा कसूर कायम गरी फैसला भएको अवस्था छ । निवेदकउपर चलेको स.फौ.नं. १४९९ र १५०० को लागू औषध मुद्दा मिति २०६५।१२।३ मा फैसला हुँदा प्रत्येक मुद्दामा ३ वर्ष ६ महिना कैद र रु.१,२५,०००।- जरिवाना भएकोमा काठमाडौँ जिल्ला अदालतबाट मिति २०६७।२।१० मा कैद म्याद ठेकी पठाउँदा दण्ड सजायको ४१ नं.अनुसार ३ वर्ष ६ महिनाको मात्र कैद म्याद ठेकी पठाएको छ । निवेदक मागबमोजिम अलग-अलग वारदात भएको अन्य मुद्दाहरुमा समेत सबैभन्दा ठूलो कलमको मात्र सजाय हुनुपर्ने होइन । निवेदक लागू औषध ओसार पसारको मूख्य पेशेवर व्यक्ति हुँदा त्यस्तो गंभीर र संगठित रुपमा अपराध भएको भनी भएको फैसलाअनुसार निजलाई अदालतले ठेकी पठाएको कैद म्यादसम्म थुनामा बस्नु पर्ने हुन्छ । यसका अलवा निवेदकलाई अदालतको फैसलाले लागेको जरिवानासमेत निजले दाखिला गरेको अवस्था नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था छैन । रिट खारेज गरी पाऊँ भन्ने बहस गर्नुभयो ।

आज निर्यण सुनाउनको निमित्त पेश भएको प्रस्तुत रिट निवेदनमा प्रस्तुत भएको उपरोक्त बहस बुँदा, निवेदन जिकीर र लिखित जवाफलाई दृष्टिगत गर्दा देहायको प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

(१) निवेदकलाई अलग-अलग मुद्दामा भिन्दा-भिन्दै मितिमा पृथक्-पृथक् कैदको सजाय भएको हुँदा सो कैदको सजायको विषयमा काठमाडौँ जिल्ला

अदालत तथा ललितपुर जिल्ला अदालतबाट ठेकेको कैद मिले नमिलेको के हो ?

(२) निवेदकको मागबमोजिम आदेश जारी हुने हो वा होइन ?

अब सर्वप्रथम पहिलो प्रश्नमा विचार गर्नु पूर्व मिसिलमा देखिएको तथ्यगत अवस्थालाई अध्ययन गर्दा- यी निवेदक प्रतिवादी भएको उपरोक्त मुद्दाहरुमध्ये स.फौ.नं. १३३७ को मुद्दामा मिति २०६४।२।२४ देखि प्रहरी हिरासतमा रहेको भन्ने देखिएको र निवेदकलाई काठमाडौँ जिल्ला अदालतमा चलेको ४ वटा र ललितपुर जिल्ला अदालतमा चलेको एक वटा लागू औषध मुद्दामा कैद र जरिवानाको सजाय भएको भन्ने देखिन्छ ।

ती मुद्दाहरुमा काठमाडौँ जिल्ला अदालतबाट निवेदकलाई प्र.ना.नि. होमबिक्रम कार्की समेतको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी निवेदकसमेत भएको स.फौ.नं.१३३७ को लागू औषध हेरोइन मुद्दामा मिति २०६५।३।३० मा फैसला हुँदा निवेदकलाई २ वर्ष ६ महिना कैद र रु.१,००,०००।- जरिवाना हुने ठहर गरी फैसला भएको देखिन आउँछ । त्यसैगरी प्र.ना.नि. होमबिक्रम कार्कीसमेतको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी निवेदकसमेत भएको स.फौ.नं.१४७९ को लागू औषध (डाइजेपाम् र ब्रुपिनर्फिन) मुद्दा मिति २०६५।३।२१ मा फैसला हुँदा ३ वर्ष ६ महिना कैद र रु.२,५०,०००।- जरिवाना हुने गरी फैसला भएको देखिन आउँछ ।

त्यस्तै प्र.ना.नि. श्रीकृष्ण मानन्धरसमेतको प्रतिवेदनले नेपाल सरकार वादी र प्रतिवादी निवेदकसमेत भएको स.फौ.नं.१४९९ को लागू औषध (डाइजेपाम् र ब्रुपिनर्फिन) मुद्दामा मिति २०६५।१२।३ मा ३ वर्ष ६ महिना कैद र रु.१,२५,०००।- जरिवाना र प्र.ना.नि. बाबुकाजी गिरीसमेतको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी यी निवेदकसमेत भएको स.फौ.नं.१५०० को लागू औषध (डाइजेपाम् र ब्रुपिनर्फिन) मुद्दामा कैद ३ वर्ष ६ महिना र रु.१,२५,०००।-जरिवाना हुने गरी फैसला भएको देखिन आउँछ । त्यसैगरी प्र.ना.नि. बाबुकाजी गिरीसमेतको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी यी निवेदकसमेत भएको स.फौ.नं.१०१ को लागू औषध (डाइजेपाम्) मुद्दामा ललितपुर

जिल्ला अदालतबाट मिति २०६६।३।२१ मा फैसला हुँदा यी निवेदकलाई ४ वर्ष ६ महिना कैद र रु.२,५०,०००।- जरिवाना हुने ठहरी फैसला भएको देखिन्छ ।

उक्त फैसलाहरुउपर निज प्रतिवादीको पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट सुरु जिल्ला अदालतको फैसला सदर हुने गरी फैसला भएको र तत्पश्चात् मुद्दा दोहोऱ्याइ हेरि पाऊँ भनी निज प्रतिवादीले निवेदन दिएकोमा यस अदालतबाट मुद्दा दोहोऱ्याइ हेर्न मिलेन कानूनबमोजिम गर्नु भनी आदेश भई निज प्रतिवादीलाई सुरु जिल्ला अदालतबाट सजाय गर्ने गरी भएको फैसला अन्तिम भएर बसेको अवस्था देखिन्छ ।

अब उपरोक्त फैसलामध्ये निज प्रतिवादीलाई स.फौ.नं.१३३७ को मुद्दामा कैद म्याद ठेकी पठाउँदा निज प्रतिवादी मिति २०६४।२।२४ देखि प्रहरी हिरासतमा रहेको देखिँदा सोही मितिबाट कैद गणना हुने गरी मिति २०६६।८।२३ सम्म सो फैसलाले लागेका २ वर्ष ६ महिना कैद म्याद ठेकिएको काठमाडौँ जिल्ला अदालतको च.नं.७८३ मिति २०६५।८।१८ को कैद म्याद ठेकिएको पत्रबाट देखिन आयो । यसैगरी स.फौ.नं.१४७९ को लागू औषध मुद्दामा भएको फैसलाअनुसार निज प्रतिवादीलाई लागेको ३ वर्ष ६ महिना कैदवापत निज मिति २०६४।९।३० देखि प्रहरी हिरासतमा रहेकोले सोही मितिबाट कैद गणना गर्ने गरी मिति २०६८।३।२९ सम्मको कैद ठेकिएको भन्ने मिति २०६६।३।२५ को पत्रबाट देखिन आउँछ ।

त्यस्तै काठमाडौँ जिल्ला अदालतको मिति २०६७।२।१० को कैद म्याद ठेकी पठाएको पत्रबाट निज प्रतिवादीलाई स.फौ.नं.१४४९ र १५०० को दुबै मुद्दामा ३ वर्ष ६ महिनाको दरले ती दुबै मुद्दामा गरी सजाय भएकोमा दण्ड सजायको ४१ नं. ले ठूलो हदको कैदवापतमा कैद गर्नुपर्ने भनी निज प्रतिवादी प्रहरी हिरासतमा बसेको मिति २०६४।२।२४ देखि कैद गणना हुने गरी मिति २०६७।८।२३ सम्म थुनामा राख्नु भनी उल्लेख भएको देखिन्छ ।

ललितपुर जिल्ला अदालतबाट स.फौ.नं.१०१ को मुद्दामा निज प्रतिवादीलाई भएको ४ वर्ष ६ महिना कैदवापत निज प्रतिवादी प्रहरी हिरासतमा बसेको मिति २०६५।९।१ देखि

मिति २०७०।२।३० सम्म कैद ठेकिएको भन्ने सो अदालतको मिति २०६६।७।१३ को कैद ठेकी पठाएको पत्रबाट देखिन आयो ।

उपरोक्त सबै मुद्दाहरुमध्ये निवेदकलाई ललितपुर जिल्ला अदालतबाट स.फौ.नं. १०१ को लागू औषध मुद्दामा सबैभन्दा बढी अर्थात् ४ वर्ष ६ महिना कैद सजाय हुने भएकोमा सो फैसलाअनुसार कैद ठेकिएको पत्रमा निज प्रतिवादीलाई मिति २०६५।९।१ देखि २०७०।२।३० सम्म कैद म्याद ठेकिएको भन्ने देखिन आउँछ ।

निवेदकले आफू मिति २०६४।२।२४ देखि नै स.फौ.नं.१३३७ को लागू औषध मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परी हालसम्म निरन्तररुपमा प्रहरी हिरासतमा रहेकोमा अन्य मुद्दाका प्रतिवादीले पोलेको भरमा आफूउपर अलग-अलग मुद्दा चली अलग-अलग मितिमा कैद र जरिवानाको सजाय हुने गरी फैसला भएको र सबैभन्दा पछिल्लो पटक स.फौ.नं.को लागू औषध मुद्दामा ललितपुर जिल्ला अदालतबाट ४ वर्ष ६ महिना कैद सजाय गर्ने गरी भएको फैसलाबमोजिम सबैभन्दा ठूलो सजाय भएको उक्त मुद्दामा दण्ड सजायको १० र ४१ न. बमोजिम सोही ठूलो कैदको हदको मात्र सजाय हुने भई मिति २०६४।२।२४ देखि नै कैद गणना हुने गरी कैदको हद कायम गरी पाऊँ भनी ललितपुर जिल्ला अदालतमा निवेदन दिएकोमा सो अदालतबाट अलग-अलग वारदात र मितिको फैसलाअनुसार प्रतिवादीलाई कैद सजाय भएको हुँदा निवेदन मागबमोजिम कैद हद कायम गर्न मिलेन भनी भएको तहसिलदारको आदेश तहतह हुँदै पुनरावेदन अदालत पाटनबाट समेत सदर भएको अवस्था सो सम्बन्धी मिसिलबाट देखिन आउँछ ।

प्रस्तुत रिट निवेदनमा निवेदकले आफूलाई उपरोक्त ५ मुद्दाहरुमा अलग-अलग मितिमा फैसला हुँदा अलग-अलग कैदको सजाय भएको छ । सो फैसलाहरु अनुसार कैद म्याद ठेक्नु पर्दा दण्ड सजायको ४१ नं. अनुसार सबैभन्दा ठूलो कलमको हदमा अरु कलमको कैद गाभी कैद म्याद ठेक्नुपर्नेमा सो बमोजिम नगरी अलग-अलग फैसलाको अलग-अलग कैद म्याद ठेकिएको र त्यसमा सामान्य कानूनी उपचारअन्तर्गत जाँदा उपचार नपाएकोले प्रस्तुत रिट निवेदन दिएको छु । स.फौ.नं.१३३७ को मुद्दामा मिति

२०६४।२।२४ मा पक्राउ परी थुनामा परेपछि अन्य मुद्दाहरु चलाइएको र सो मुद्दामा भएको पहिलो फैसलामा भएको कैद सजाय २ वर्ष ६ महिनाको कैद अवधि भुक्तान हुनुअघि अन्य मुद्दाहरुमा फैसला भई कैद सजाय भुक्तान हुन बाँकी रहेको अवधिमा भएको उपरोक्त फैसलाहरुमध्ये ललितपुर जिल्ला अदालतबाट फैसला भएको लागू औषध मुद्दामा भएको कैदको हद ४ वर्ष ६ महिना भई दण्ड सजायको ४१ नं.अनुसार अघि थुनामा बसेको मितिबाट गणना हुने गरी सो कैदको हद कायम गर्दा मिति २०६८।८।२३ मा पुग्ने र सो पश्चात् बसेको थुना गैरकानूनी भएको हुँदा सो पश्चात्को थुनाको अवधि मलाई लागेको जरिवानावापत कट्टा गरी बाँकी जरिवाना तिर्न बुझाउन मन्जुर भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरी पाऊँ भन्ने निवेदकको मूख्य माग दावी रहेको देखिन्छ ।

निवेदकले आफूलाई ठेकिएको कैद म्यादको हद यकिन भएपछि फैसलाले लागेको जरिवानाको रकम नगर्दै दाखिला गर्न मन्जुर रहेको भनी निवेदनमा उल्लेख गरेकोले जरिवानावापत कैद ठेकेको सम्बन्धमा मिले नमिलेको विचार गर्न नपरी विभिन्न मुद्दामा भएको फैसलाबमोजिम कैद ठेकिएको विषय मिले नमिलेको के रहेछ सो तर्फ हेर्नुपर्ने भएको छ ।

अब यी निवेदकउपर चलाइएका उपरोक्त मुद्दाको सम्बन्धित सक्कल मिसिल हेर्दा- यी निवेदनउपर स.फौ.नं.१३३७ को लागू औषध मुद्दामा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ) र (च) को कसूर अपराधमा ऐ.को दफा १४(१)(झ) बमोजिमको माग दावी लिई अभियोग पत्र पेश भएकोमा अभियोग माग दावीबमोजिम ऐ.ऐनको दफा १४(१)(झ) बमोजिम २ वर्ष ६ महिना कैद र जरिवाना रु.१,००,०००।- हुने ठहरी फैसला भएको देखिन आउँछ । त्यसैगरी अन्य मुद्दारुमा पनि निजउपर ऐ.ऐनको दफा ४(घ)(ङ) र (च) को कसूर अपराधमा ऐ.ऐनको दफा १४(१)(झ) र उक्त ऐनको दफा १६ बमोजिम बारम्बार अपराध गर्नेलाई थप कैदसमेतको माग दावी लिएकोमा पछि फैसला हुँदा सो ऐनको दफा १४(१)(झ) बमोजिम सजाय गरी र दफा १६ बमोजिम थप

सजायसमेत भएको भन्ने देखिन आयो । मिसिल संलग्न कागजबाट ती सबै मुद्दाको वारदात मिति अलग-अलग भएको देखिए पनि पहिलो पटक फैसला भएको स.फौ.नं.१३३७ को मुद्दामा पक्राउ गर्नु अगावैको रहेको भन्ने देखिन आउँछ ।

एउटै व्यक्तिलाई धैरै फैसलाले लागेको अलग-अलग कैदवापत कैद म्याद ठेक्ने सम्बन्धमा दण्ड सजायको १० र ४१ नं. मा कानूनी व्यवस्था रहेको देखिन्छ । जसअनुसार दण्ड सजायको १० नं. मा "ऐनमा पटक वा खत खाप्नु भन्ने लेखिएको बाहेक एकै कागजका मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नु परेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्छ । अरु ऐनको खत खाप्नु हुँदैन । जरिवानाको सजाय पाउनेमा सबै ऐनको खत खापी सजाय गर्नुपर्छ । जरिवाना र कैदको सजाय हुनेमा दुबै कलमको ठूलो सजायको मात्र दुबै कुराको सजाय गर्नुपर्छ । एकै कागजको मुद्दा भए पनि नभए पनि सर्वस्व भएपछि सो हुनुभन्दा अघिको कसूरमा जरिवानाको खत खापिदैन" भन्ने उल्लेख भएको पाइन्छ । यो कानूनी व्यवस्था फैसलाअनुसार कैद म्याद ठेक्दा प्रयोग गर्नेभन्दा पनि मुद्दाको सुनुवाइको क्रममा फैसला गर्दा प्रयोग हुने व्यवस्था भएको र प्रस्तुत मुद्दाको विवाद फैसलाअनुसार कैद म्याद ठेक्दा उत्पन्न भएको विवादसँग सम्बन्धित हुँदा सो तर्फ बिचार गरिरहन परेन ।

दण्ड सजायको ४१ नं. मा "एकै मानिसलाई एकै वा धैरै मुद्दाको धैरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबैभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धैरै मुद्दामा एकै वा धैरै कलममा गरी कैद ठेक्नु पर्छ । त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नु पर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नु पर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ । अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन । फैसला, कैदी पूर्जि, कैद ठेक्ने कितावमा सम्म खुलाई दिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भए

पनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद ठेक्नुपर्छ । धेरै कलमको कैदको हद बराबर हुन आयो भने सो मध्ये एक कलमको कैद ठेक्नुपर्छ । अरु कलमका हकमा फैसला, कैदी पूर्जि र कैद ठेक्ने कितावमा सम्म खुलाउनुपर्छ । तर फैसला भई सकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसूर गरेकोमा सो कसूरवापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ ।

प्रस्तुत विवादको प्रश्न फैसला भई सकेपछि घटेको वारदातको विषयमा भएको फैसलाअनुसारको कैद म्याद ठेक्नेसँग सम्बन्धित विषय होइन । प्रस्तुत विवादमा अघि कैद ठेकिएकोमा सो भुक्तान नहुँदै अर्को फैसलाअनुसार भएको कैद ठेक्नु पर्ने भयो र सो पछि ठेकिने कलमको हद बढी रहेछ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नु पर्ने अवस्थाको विषय रहेको देखिन्छ । निवेदकको निवेदन दावी हेर्दा आफू स.फौ.नं.१३३७ को मुद्दामा भएको फैसलाअनुसार कैद ठेकीएबमोजिम मिति २०६४।२।२४ देखि नै गणना हुने गरी कैदमा बसिरहेको अवस्थामा पछि ललितपुर जिल्ला अदालतबाट भएको फैसलाले लागेको कैदको हद ठूलो भएकोले पहिले थुनामा बसेको मितिदेखि गणना हुने गरी सानो कैदको सजाय ठूलोमा गाभी ठूलो कैदको हदमा ननाघ्ने गरी कैद म्याद ठेकिनु पर्ने भन्ने रहेको देखिन आउँछ ।

यस्तै विषयवस्तु समावेश भएको निवेदक दुखितलाल हाडी विरुद्ध झापा जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरण रिटमा यस अदालत वृहत् पूर्ण इजलासबाट मिति २०४४।१२।१६ मा फैसला भई ने.का.प.२०४५ नि.नं.३४१३ पृष्ठ ३११ मा प्रतिपादित सिद्धान्तअनुसार एकै मितिमा एकभन्दा बढी मुद्दामा कैदको सजाय ठेक्नुपर्ने भयो भने सबैभन्दा ठूलो हदको कैदमा अरु कैदको सजाय गाभिन जाने र धेरै कलमको कैद बराबर हुन आएकोमा कुनै एक कलमको कैद गर्नुपर्ने, त्यस्तै अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको

मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ भनी व्याख्या भएको पाइन्छ ।

काठमाडौँ जिल्ला अदालतबाट स.फौ.नं.१४९९ र १५०० को मुद्दा एकै मितिमा फैसला भएको र दुबै मुद्दाको फैसलामा यी निवेदक प्रतिवादीलाई ३ वर्ष ६ महिनाका दरले कैद भए पनि दुबै कलमको कैद बराबर हुन आएको भन्दै दण्ड सजायको ४१ नं.बमोजिम ३ वर्ष ६ महिनाको हद ननाघ्ने गरी कुनै एउटा मुद्दामा भएको फैसलाअनुसारको कैद ठेक्ने गरी मिति २०६७।२।१० मा कैद म्याद ठेकिएको भन्ने देखिन आउँछ ।

तर काठमाडौँ जिल्ला अदालतबाटै मिति २०६५।८।१८ मा स.फौ.नं.१३३७ को मुद्दामा भएको फैसलाअनुसार २ वर्ष ६ महिनाको कैद म्याद ठेक्न पठाएपश्चात् भएका अन्य मुद्दामा भएको फैसलाबमोजिमको कैद ठेक्दा स.फौ.नं.१३३७ को मुद्दामा प्रहरी हिरासतमा रहेको मिति २०६४।२।२४ देखि नै गणना हुने गरी कैद ठेक्नुपर्नेमा प्रत्येक मुद्दामा निज प्रतिवादीलाई सम्बन्धित कारागारबाट झिकाई बयान गराइएको दिनदेखि लागू हुने गरी तथा ललितपुर जिल्ला अदालतबाट पनि सोही बमोजिम कैद गणना हुने गरी कैद ठेकिएको देखियो । यसरी ठेकिएको कैद दण्ड सजायको ४१ नं.कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित उपर्युक्त कानूनी सिद्धान्तअनुकूल ठेकिएको भन्ने देखिएन ।

तसर्थ दण्ड सजायको ४१ न. मा भएको कानूनी व्यवस्था तथा माथि उल्लिखित मुद्दामा प्रतिपादित नजीरअनुसार प्रस्तुत विवादमा निवेदकलाई विभिन्न मितिको फैसलाअनुसार लागेको कैदमध्ये ललितपुर जिल्ला अदालतको स.फौ.नं.१०१ को लागू औषध मुद्दामा भएको कैद सबैभन्दा ठूलो भएकोले सो कैदमा अरु मुद्दामा भएको सानो कलमको कैद स्वतः गाभिन जाने भन्ने स्पष्ट रुपमा देखिन आउँछ ।

अब दोश्रो प्रश्नको सम्बन्धमा विचार गर्दा- निवेदकउपर काठमाडौँ जिल्ला अदालतमा चलेको स. फौ. नं. १३३७ को लागू औषध मुद्दामा भएको फैसला अनुसार

निजलाई ठेकिएको कैद अवधिअन्तर्गत थुनामा बसिरहेको अवस्थामा ललितपुर जिल्ला अदालतबाट निजलाई अर्को ४ वर्ष ६ महिना लागू औषध मुद्दामा कैद हुने गरी भएको फैसलाअनुसार निजलाई पुनः मिति २०६६।७।१३मा कैद म्याद ठेकिएको भन्ने देखियो । यसरी कैद म्याद ठेक्दा थुनामा बसेको मिति २०६४।२।२४ देखि कैद गणना हुने गरी पछि भएको कलमको सबैभन्दा ठूलो हदको कैदको अवधिसम्ममा ननाघ्ने गरी अर्थात् मिति २०६८।८।२३ सम्म थुनामा राख्ने गरी कैद म्याद ठेक्नुपर्नेमा सो को बिपरीत मिति २०७०।२।३० सम्म कैद म्याद ठेकिएको देखिदा मिति २०६८।८।२३ पश्चात् बसेको निवेदकको थुनालाई कानूनसम्मत मान्न मिलेन ।

यस प्रकार निवेदकलाई लागेको कैदवापत निज मिति २०६४।२।२४ देखि २०६८।८।२३ सम्म थुनामा बस्नुपर्ने भई मिति २०६८।८।२४ देखि थुनाबाट छुटी जाने देखिएकोमा थुनामा बसेको बढी अवधिलाई आफूलाई लागेको जरिवानावापत कानूनबमोजिम कट्टी हुने रकम कट्टा गर्न मन्जुर गरेको देखिदा निवेदकको मिति २०६८।८।२३ गते पश्चात् हालसम्मको थुनाको अवधिलाई निवेदकलाई लागेको जरिवाना वापतको रकम कट्टा गरी बाँकी जरिवानाको रकम दाखिला गरे निज छुटी जाने भन्नेमा विवाद नदेखिदा सो को बिपरीत निवेदकलाई मिति २०७०।२।३० सम्म थुनामा बस्नु पर्ने गरी कैद म्याद ठेकिएको ललितपुर जिल्ला अदालतको काम कारवाही कानूनबिपरीतको देखिन आयो । निवेदक ललितपुर जिल्ला अदालतको फैसलाअनुसार मिति २०६४।२।२४ देखि २०६८।८।२३ सम्म कैदमा बस्नुपर्ने भएकोले काठमाडौं जिल्ला अदालतबाट निजलाई ठेकिएको कैद पनि सोही अवधिभित्र पर्ने देखिदा त्यसले खास तात्विक असर पर्ने भन्ने देखिएन ।

अतः माथि विवेचना गरिएअनुसार निवेदकउपर चलेका उपरोक्त मुद्दाहरुमा भएका फैसलाहरुमध्ये ललितपुर जिल्ला अदालतमा चलेको स.फौ.नं.१०१ को लागू औषध मुद्दामा भएको कैदको सजाय सबैभन्दा ठूलो हदको देखिएको र निज निवेदक मिति २०६४।२।२४ देखि हालसम्म निरन्तररुपमा थुनामा नै बसेको देखिदा सोही मितिबाट गणना हुने गरी

निजलाई लागेको सबैभन्दा ठूलो हदको कैदवापत निवेदकले जम्मा ४ वर्ष ६ महिना कैदमा बस्नुपर्ने देखिदा सो कैद मिति २०६८।८।२३मा नै भुक्तानसमेत भइसकेको अवस्था हुँदा मिति २०६८।८।२४ देखि हालसम्म थुनामा बसेको अविधलाई निजले सबै मुद्दामा भएको जरिवानावापत बुझाउनुपर्ने कूल रु.८,५०,०००।-(आठलाख पचासहजार) बाट कानून बमोजिम कट्टा गरी बाँकी जरिवानासमेत दाखिल गरे प्रस्तुत मुद्दाहरुमा बाहेक अन्य मुद्दामा निजलाई थुनामा राख्नु नपर्ने भए निवेदकलाई आजै थुनाबाट छाडिदिनु भनी विपक्षीको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमबमोजिम अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा म सहमत छु ।                                        प्रधान न्यायाधीश

न्यायाधीश

इजलास अधिकृत- कमलराज बिष्ट

कम्प्यूटर- अमिररत्न महर्जन

इति सम्बत् २०६९ साल माघ २४ गते रोज ४ शुभम्----------------------------